# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

थापाथली, काठमाडौं ।

चौथो वार्षिक साधारण सभा सम्बन्धी जरुरी सूचना

प्रथमपटक प्रकाशित मिति: २०७७/०९/०७

शेयरधनी महानुभावहरु,

मिति २०७७/०९/०४ गते बसेको सञ्चालक समितिको ५८ औं वैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गर्न बस्ने भएकोले कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. चौथो वार्षिक साधारण सभाका विषयसूची (एजेण्डा) हरु:

क. साधारण प्रस्ताव:

(१) चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।

(२) कम्पनीको आ.व. २०७६/७७ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरु (अनुसूची समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) आ.व.२०७७/७८ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धमा ।

ख. विशेष प्रस्ताव :

शेयरधनीहरुलाई दिइने लाभांश Retained Earnings को रुपमा सञ्चित गरी राख्ने सम्बन्धमा ।

ग. विविध (अध्यक्षज्यूको अनुमतिमा)

२. साधारण सभा हुने मिति, समय र स्थान :

मिति: २०७७/०९/२८ गते मङ्गलवार (तदनुसार १२ जनवरी, २०२०) ।

समय: अपरान्ह ४:१५ बजे ।

स्थान: नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाडौं ।

सञ्चालक समितिको आज्ञाले,

कम्पनी सचिव